# बागमती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कर्मैया, सर्लाही/मधेश प्रदेश

## आन्तरिक आयको ठेक्का सम्वन्धी सूचना

(तेस्रो पटक प्रकाशित मिति: (२०८२।०६।३१)

यस कार्यालयको आ. व. २०८२।०८३ को लागि यस नगरपालिका अन्तरगत देहाय बमोजिम आन्तरिक आय सम्वन्धी ठेक्का बन्दोवस्त गरी राजश्व संकलन गर्ने निर्णय भएकोले इच्छुक व्यक्ति फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि, मु. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि राखी ठेक्का नं ७ को हकमा रु ३०००। र अन्य को हकमा रु १०००।(एक हजार मात्र, फिर्ता नहुने गरी) राजश्व शाखामा बुझाई न्यूनतम कबोल रकम भन्दा बढावढमा शिलबन्दी बोलपत्र/दरभाउपत्र तोकिएको मिति भित्र पेश गर्नुहुन यो सूचना अव्हान गरिएको छ ।

| सि.नं. | ठेक्का नं | ठेक्काको नाम | (मु. अ. कर बाहेक) न्यूनतम कवोल रकम | धरौटी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आय/७/ २०८२/०८३ | वागमती माछापोखरी तथा बगैचा पर्यटन क्षेत्र अन्तर्गत वोट सञ्चालन र पार्किङ्ग | ४,००,००,०००। | २०,००,०००। | १५ दिने सूचना ३ बर्षको लागि । |
| २ | आय/८/२०८२/०८३ | पूर्वाधार उपयोग कर | १०,००,०००। | ५०,०००। | १५ दिने सूचना १ बर्षको लागि । |
| ३ | आय/९/२०८२/०८३ | निकासी कवाडी कर | ३,००,०००। | १५,०००। | १५ दिने सूचना १ बर्षको लागि । |

**शर्तहरु :**

१. प्रकाशित भएको मितिले वोलपत्र फारम १५ औ दिनसम्म कार्यालय समय भित्र निवेदनसाथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वोलपत्र फारम दस्तुर वुझाएको नगदी रसिद सहित बोलपत्र फारम खरिद गरी सक्नुपर्नेछ ।

२. वोलपत्र दाखिला गर्दा वोलपत्र जमानत (BID Security) धरौटी वापतको रकम यस कार्यालयको एन. आइ. सि. एसिया वैंक, कर्मैया शाखामा रहेको धरौटी खाता नं. ग-३-० ४५CA०५२६३९५५२४०४ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको वैंक ग्यारेन्टी गोप्य शिलवन्दी वोलपत्र फारमसँग पेश गर्नु पर्नेछ

३. ठेक्का नं : आय/७/ २०८२/०८३ (वागमती माछापोखरी तथा बगैचा पर्यटन क्षेत्र अन्तर्गत वोट सञ्चालन र पार्किङ्ग) को सम्वन्धमा वोल कवोल गरेको रकम स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) औं दिन भित्र सम्झौता गर्न उपस्थित हुनुपर्नेछ। तल तालिकामा उल्लेख भए बमोजिम कुल कबोल अंकवाट नगदै दाखिला गरेको रकम घटाइ बाँकी रकमको हकमा २०८५ को श्रावण मसान्त सम्म म्याद भएको वैंक जमानत पेश गर्नुपर्ने छ। साथै यो व्यवस्था प्रत्येक वर्षको लागि लागु हुनेछ । १० प्रतिशत छुट प्रयोजनको लागि एकमुष्ट नगद आन्तरिक आय खातामा जम्मा गरी भौचर पेश गर्नुपर्ने छ ।

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

CamScanner

Scanned with CamScanner

<u>तालिका :</u>

| ठेक्काको नाम | प्रति बर्ष राजश्व रकम दाखिला गर्नुपर्ने तालिका | | |
|---|---|---|---|
| | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ |
| आय/७/ २०८२/०८३ (बागमती माछापोखरी तथा बगैचा पर्यटन क्षेत्र अन्तर्गत वोट सञ्चालन र पार्किङ्ग ३ बर्षको लागि) | १. कुल कबोल रकमलाई ३ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने ।<br>२. सम्झौताका बखत उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने ।<br>३. यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १. कुल कबोल रकमलाई ३ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने ।<br>२. आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने ।<br>३. यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १. कुल कबोल रकमलाई ३ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने ।<br>२. आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने ।<br>३. यस बर्षको लागि कायम भएको रकम. एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । |

४. ठेक्का नं : आय/८/ २०८२/०८३ र आय/ ९/२०८२/०८३ को हकमा सकार गरेको रकमको पहिलो किस्ता वापत ५०% नगद र अन्तिम किस्ता वापतको हकमा मिति २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ । एकमुष्ट रकम जम्मा गरेको हकमा १०% छुट दिइनेछ। सो रकम आन्तरिक आय खातामा जम्मा गरी सम्झौताको लागि पेश गर्नुपर्ने छ ।

५. दररेट शर्तहरुलाई पालना गर्ने गरी रीतपूर्वक भरी शिलवन्दी गरी वोलपत्र फारम १६ औं दिनको १२:०० वजेसम्म यस बागमती नगरपालिकामा दर्ता गरी सक्नु पर्नेछ ।

६. वोलपत्र फारम खरिद र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट वोलपत्र खरिद, दाखिला र खोल्ने कार्य हुनेछ ।

७. रीतपूर्वक दर्ता आएका गोप्य शिलवन्दी वोलपत्र फारमहरु १६ औं दिनका २:०० वजे वोलपत्रदाता स्वयम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रतिनिधको उपस्थिति नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

८. शिलवन्दी वोलपत्र फारममा आफूले कबोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नु पर्नेछ ।

९. बन्द, हडताल लगायत गाउँलेहरुले ठेक्का चलन वा गर्न नदिएको जस्ता जुनसुकै कारणवाट ठेकेदारलाई क्षति पुग्न गएमा सम्वन्धित ठेकेदार नै जिम्मेवार हुनुपर्नेछ र त्यस वापत यस कार्यालयवाट कुनै पनि क्षति पुर्ति तथा मिनहा दावि गर्न पाउने छैन ।

१०. अग्रिम आय कर वा मु. अ. कर वा अन्य कुनै दस्तुर वोलपत्रदाता वा ठेकेदारले स्वयनै सम्वन्धित निकायमा दाखिला गर्नुपर्नेछ ।

११. वोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

१२. यसमा उल्लिखित नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

१३. यस सम्वन्धी अन्य कुनै जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्राशासकीय अधिकृत

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner